# रघुगंगा गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
मौवाफाँट, म्याग्दी
२०७३

पत्र संख्याः- २०७८/७९ गण्डकी प्रदेश, नेपाल

## कृषि विकास कार्यक्रम सन्चालनका लागि आवेदन पेश गर्ने सम्बन्धी सूचना !!!

प्रथम पटक सूचना प्रकाशित मितिः २०७८/०७/१५

यस गाउँपालिकाको आ.व. २०७८/०७९ को वार्षिक स्वीकृत कार्यक्रम अनुसार तपसिल बमोजिमका कार्यक्रमहरु सन्चालन गरिने हुदाँ रघुगंगा गाउँपालिका भित्र रहेका ईच्छुक कृषि सम्बन्धी कृषक समूह/कृषि सहकारी संस्था/कृषि फार्म/ उद्यमी कृषकले यस गाउँपालिकाको कृषि शाखा वा कृषि सेवा केन्द्र वा सम्बन्धित वडा कार्यालयहरुमा यो सुचना प्रकाशित भएको मितिले २१ दिनभित्र तोकिएको ढाँचामा तपसिल अनुसारका कागजातहरु संलग्न राखी आवेदन पेश गर्नुहुन लागि सम्बन्धित सबैमा जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

तपसिल

| क्र. स | कार्यक्रमको किसिम | अनुदान सहयोग | अनुदानको लागि कुल बजेट | कार्यान्वयन ढाँचा | संचालन हुने क्रियाकलापहरु |
|---|---|---|---|---|---|
| १ | खायन आलु उत्पादन | कुल स्वीकृत लागतको बढीमा ५० प्रतिशत, सामुहिक प्रयोगको साना सिंचाईको हकमा ८५ प्रतिशत | ३० लाख | • कृषक समूह, कृषि सहकारी, कृषि फार्म र उद्यमी कृषकहरुले कम्ती मा १० घरधुरी संलग्न हुने गरी कलष्टर वनाई आवेदन पेश गर्नु पर्ने<br>• क्षेत्रफल एक कलष्टर २०० रोपनी हुनुपर्ने।<br>• गाउँपालिका भित्र न्युनतम ४ कलष्टर निर्माण हुनेछ। | • उन्नत बिउ, मल, बाली संरक्षण, आलु भण्डारण, कृषि औजार<br>• साना सिचाई, planter, आदि निर्माण<br>• क्षमता अभिबृद्धि तालिम/ अभिमुखीकरण |
| २ | कृषि यान्त्रिकिकरण / कृषि सामग्री | बढीमा ५० प्रतिशत | २ लाख ५० हजार | • कृषक समूह, कृषि फार्म र उद्यमी कृषकहरुले आवेदन पेश गर्न सकिन्छ।<br>• यस कार्यालयबाट अघिल्लो आ.व. मा सोहि प्रकृतीको कार्यक्रम मा समाबेश भएका कृषकलाई यस आ.व. मा समावेश गरिने छैन । | • मिनिटेलर<br>• टनेल प्लाष्टिक, स्प्रे |

आवश्यक कागजातहरु

१. रित पूर्वकको निवेदन ।
२. कृषि सहकारी/ कृषक समुह/ कृषि फर्मको हकमा दर्ता प्रमाणपत्र, PAN/VAT दर्ता प्रमाणपत्र, पछिल्लो आर्थिक बर्षको कर चुक्ता प्रमाणपत्र र निर्णयको प्रतिलिपि ।
३. नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि
४. सम्बन्धित वडा कार्यालयको सिफारिस ।
५. प्रस्तावित क्षेत्रको जग्गा धनि पुर्जाको प्रतिलिपि ( जग्गा करार/लिजमा लिई कार्यक्रम संचालन गर्नेको हकमा न्युनतम ५ बर्षको लागि करार सम्झौताको प्रतिलिपि)

अमृत सुवेदी
प्रमुख प्रशासकीय अधिकृत

**थप जानाकारीको लागि :** ९८५७६४८६१०, ९८५७६४८६२४, ९८६९२१६३६८

# रघुगंगा गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
मौवाफाँट, म्याग्दी
२०७३

पत्र संख्याः- २०७८/७९

गण्डकी प्रदेश, नेपाल

रघुगंगा गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय मौवाफाँट, म्याग्दी गण्डकी प्रदेश, नेपाल स्था: २०७३

## विषयः-साना व्यावसायिक कृषि उत्पादन केन्द्र (पकेट) विकास कार्यक्रम मा आवेदन पेश गर्ने सम्बन्धी सूचना !!!

प्रथम पटक सूचना प्रकाशित मितिः २०७८/०७/१५

आ.व. २०७८/०७९ मा प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना अन्तर्गत रघुगंगा गाउँपालिका क्षेत्रभित्र तपसिल अनुसारका कार्यक्रहरुमा सहभागी हुन इच्छुक कृषक समूह/ कृषि सहकारी/निजि कृषि फर्महरूले आवश्यक कागजात सहित यो सूचना प्रकाशित भएको मितिले २१ औं दिन कार्यालय समयभित्र यस गाउँपालिकाको कृषि शाखामा प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना कार्यान्वयन म्यानुअलको (अनुसूची-१०) अनुसार आवेदन पेश गर्नुहुन सम्बन्धित सबैमा जानकारी गराईन्छ। म्याद भित्र नपरेका तथा रितपूर्वक पेश नभएका निवेदन उपर कुनै कारबाही नहुने व्यहोरा समेत जानकारी गराईन्छ ।

तपसिल

| क्र.स | संचालन हुने पकेटको विवरण | पकेटको क्षेत्रफल | कार्यक्षेत्र | कुल बजेट | अनुदान | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | आ.व २०७७/०७८ मा स्थापना भएका कृषि तर्फका साना व्यावसायिक कृषि उत्पादन केन्द्र (पकेट) विकास कार्यक्रमको निरन्तरता (पूराना ) | खाद्यान्न बाली १० हेक्टर तरकारी/फलफुल ५ हेक्टर | रघुगंगा गाउँपालिका बाट निर्धारित पकेट प्याकेज अवधारणा बमोजिम प्राप्त निवेदनलाई प्रथामिकता दिइने छ । | १२ लाख | बढीमा ५० प्रतिशत | परियोजना कार्यान्वयन म्यानुल अनुसार संचालन गरिने |
| २ | सुन्तलाजात फलफूलको साना व्यावसायिक कृषि उत्पादन केन्द्र (पकेट) विकास कार्यक्रम संचालन (नयाँ) | न्युनतम ५ हेक्टर (१०० रोपनी ) | | १२ लाख | | |

अमृत खड्का
प्रमुख प्रशासकीय अधिकृत

**निवेदनका साथ संलग्न गर्नुपर्ने कागजातहरु :-**

१. कार्यक्रम मागको निवेदन अनुसूची -१० अनुसारको ।(गाउँपालिकाको कृषि शाखाबाट प्राप्त गर्न सकिनेछ )
२. कृषि फर्म, कृषक समूह, कृषि सहकारी, कृषि कम्पनीको हकमा नियमानुसार दर्ता भएको प्रमाण पत्रको प्रतिलिपि ।
३. स्थायी लेखा नम्बरको प्रमाणपत्रको प्रतिलिपि ।
४. कार्यक्रम संचालन हुने जग्गाको स्वामित्व खुल्ने कागजात वा भाडाको जग्गा भएमा कम्तिमा ५ बर्षको सम्झौता पत्र
५. सम्बन्धित वडा कार्यलयको सिफारिस पत्र, पुरानो पकेट क्षेत्र निरन्तरताको हकमा सम्बन्धित वडा कार्यालयको अनुगमन प्रतिवेदन समेत ।
६. कार्यसमितिको निर्णयको प्रतिलिपि ।
७. सम्पूर्ण सदस्यहरुको नागरिकताको प्रतिलिपि ।

**नोट** :- प्रधानमन्त्री कृषि आधुनिकिकरण परियोजना कार्यन्वयन म्यानुअल www.pmamp.gov.np र www.raghugangamun.gov.np बाट हेर्न र डाउनलोड गर्न सकिने छ ।

**थप जानाकारीको लागि :** ९८५७६४८६१०, ९८५७६४८६२४, ९८६९२१६३६८

# रघुगंगा गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
मौवाफाँट, म्याग्दी
२०७३

पत्र संख्या:- २०७८/७९

गण्डकी प्रदेश, नेपाल

## पशु बिकाश कार्यक्रम संचालनका लागि आवेदन पेश गर्ने सम्बन्धी सूचना !!!

प्रथम पटक प्रकाशित मिति :- २०७८/०७/१५

यस गाउँपालिकाको आ.व. २०७८/०७९ को स्वीकृत वार्षिक कार्यक्रम अनुसार तपसिलका पशु विकास सम्बन्धी कार्यक्रमहरु लागत साझेदारीमा सन्चालन गर्नका लागि यस गाउँपालिका भित्रका इच्छुक कृषक/कृषि फर्म/ कृषि समूह/कृषि सहकारीले यस गाउँपालिकाको पशु सेवा शाखा वा पशु सेवा केन्द्र वा सम्बन्धित वडा कार्यालयहरुमा सूचना प्रकासन भएको मितिले २१ औं दिन कार्यालय समय भित्र कार्यक्रम माग गरि रितपूर्वकको निवेदन फाराम भरि तोकिए बमोजिमका कागजपत्र साथ पेश गर्नुहुन सम्बन्धित सबैमा यो सूचना प्रकाशन गरिएको छ ।

<u>तपसिल</u>

| क्र.स | कार्यक्रम शिर्षक | जम्मा बजेट | अनुदान प्रतिसत | संचालन हुने कार्यक्रमहरु | कैफियत |
|---|---|---|---|---|---|
| १ | हिउदे घाँस वितरण कार्यक्रम | ३ (लाख) | १००% | जै तथा भेच घाँस वितरण | निशुल्क |
| २ | पशु नक्ष सुधार कार्यक्रम | १० (लाख) | ५०% | उन्नत जातका बोका तथा राँगा वितरण | लागत साझेदारीमा |
| ३ | बंगुरको साना व्यवसायिक कृषि उत्पादन केन्द्र (पकेट) विकास कार्यक्रम सन्चालन | ६ (लाख) | ५०% | बंगुर पकेट कार्यक्रम | न्यूनतम ६० माउ बंगुर हुनुपर्ने |

**निवेदनका साथ संलग्न गर्नुपर्ने कागजातहरु :-**

१. रित पूर्वकको निवेदन।
२. कृषि फर्म, कृषक समूह, कृषि सहकारी, कृषि कम्पनीको हकमा नियमानुसार दर्ता भएको प्रमाण पत्रको प्रतिलिपि।
३. स्थायी लेखा नम्बरको प्रमाणपत्रको प्रतिलिपि।
४. सम्बन्धित वडा कार्यालयको सिफारिस पत्र।
५. नेपाली नागरिकताको प्रतिलिपि ।
६. समुहको हकमा कार्यसमितिको निर्णयको प्रतिलिपि तथा सम्पूर्ण सदस्यहरुको नागरिकताको प्रतिलिपि ।
७. सहकारीको हकमा गत आ.व.को लेखा परिक्षण प्रतिवेदनको प्रमाणित प्रतिलिपि ।
८. क्र.स ३ को कार्यक्रमको हकमा प्रधानमन्त्री कृषि आधुनिकिकरण परियोजना कार्यन्वयन म्यानुअलको अनुसूची -६ अनुसारको निवेदन तथा अनुसूची -७ अनुसारको विवरण
९. प्रधानमन्त्री कृषि आधुनिकिकरण परियोजना कार्यन्वयन म्यानुअल www.pmamp.gov.np र www.raghugangamun.gov.np बाट हेर्न र डाउनलोड गर्न सकिने छ ।
१०. कार्यक्रम संचालन गर्दा कृषक समुह, कृषि सहकारी, कृषि फार्म लाई प्रथामिकता दिइनेछ ।

नोटः क्र.स. ३ को हकमा आवेदकहरुले हाल पालिएको माउ बंगुरको संख्या अनिवार्य रुपमा उल्लेख गर्नुपर्नेछ, सबै आवेदकहरुले हाल पालन गरेका माउ बंगुर संख्या ६० भन्दा कम भएमा कार्यक्रम कार्यन्वयन गर्न सकिने छैन ।

थप जानकारीका लागि :९८५७६४८६१०, ९८६९०९११०८

अमृत सुबेदी
प्रमुख प्रशासकीय अधिकृत

मितिः २०७८/ / /

श्री प्रमुख प्रशासकीय अधिकृत ज्यू

रघुगंगा गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय,

मौवाफाँट, म्याग्दी।

**<u>बिषयः कृषि बिकाश कार्यक्रममा सहभागी हुन पाउँ भन्ने वारे।</u>**

प्रस्तुत बिषयमा यस गाउँपालिकाको आ.व. २०७८/७९ को वार्षिक स्वीकृत कार्यक्रम अनुसार मिति २०७८/७/१५ गते प्रकाशन भएको सूचना अनुसार कार्यक्रम रघुगंगा गाउँपालिका वडा नं ........ मा बस्ने म/हामी ......................
..........................................................................................................................................
कृषक/कृषि फार्म/कृषि समूह/कृषि सहकारी ले तपसिल अनुसारको सामग्री आवश्यक भएकोले यस कार्यालयको नियम अनुसार उपलब्ध गराईदिनुहुन यसै निवेदन साथ अनुरोध गर्दछु /गर्दछौं।

<u>तपसिल</u>

१ः टनेलको आकार.................................

मिनिटेलर हलोः...................................

(डिजेल / पेट्रोल (हर्स पावर)

<u>निवेदक</u>

नामः

ठेगानाः

मोवाईल नंः

नागरिकता नंः

मितिः

श्री प्रमुख प्रशासकीय अधिकृत ज्यू,
रघुगंगा गाउँपालिका,
गाउँ कार्यपालिकाको कार्यालय
मौवाफाँट, म्याग्दी

विषयः अनुदान उपलव्ध गराइदिनुहुन ।

महोदय,

रघुगंगा गाउँपालिकाबाट मिति २०७८/०७/१५ मा प्रकाशित सूचना अनुसार सञ्चालन हुन लागेको खायन आलु उत्पादन कार्यक्रमको उद्देश्य, लागत, समयावधि, लाभान्वित जनसंख्या लगायतको विवरण तपसिलमा उल्लेख गरिएको छ । कार्यक्रम सञ्चालन गर्न आर्थिक/वस्तुगत/लागत साझेदारी सहयोग आवश्यक परेको हुँदा अनुदान उपलव्ध गराइदिनुहुन अनुरोध गर्दछौं/छु ।

तपसिलः

अनुदानग्राहीको नाम/समूहको नाम :
ठेगानाः
वडा नंः
कार्यक्रमको नामः
कार्यक्रमको उद्देश्यः
अनुदान रकम आवश्यक पर्नुको कारणः
कार्यक्रम सञ्चालन गर्न लाग्ने कूल लागतः
कार्यक्रम सम्पन्न गर्न लाग्ने समयः
कार्यक्रम सञ्चालन गर्ने कार्ययोजनाः
कार्यक्रमबाट लाभान्वित जनसंख्याः

निवदेक
कृषक समुह/कृषि सहकारी संस्था/कृषि फार्म/ उद्यमी कृषक
अध्यक्ष/प्रतिनिधिको दस्तखतः
नाम थरः
पदः
सम्पर्क फोन नं
मितिः
संस्थाको छाप